**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०२ अगस्त २०२३

समयः १८:५० – १६:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. दार्जीलिङ पहाड़मा हिजो देखि जारी तेज वष्र्रा र हावा हुरीले आम जनजीवन अस्तव्यस्त। खरसांग ,मिरिक, दार्जीलिङ महकुमाहरू अनि कालेबुङ जिल्लाका कैंयान क्षेहत्ररूमा विगत २४ घण्टादेखि बिजुली आपूर्ति ठप्प।

२. वर्षा पहिरो अनि टिस्टा नदीको जलस्तर निकै बढ़ेकोले राष्ट्रिय राजमार्ग संख्या १० बन्द। सिक्किम जान भाया लाभा अथवा दार्जीलिङ मार्ग खुल्ला।

३. पश्चिम बांगाल राशन वितरण घोटालामा ई.डीले टिएमसी नेता अनुसूर रहमान र उसको भाई अलिफ नूरलाई पक्राउ गरेको छ।

४. पश्चिम बंगालका पूर्व कांग्रेस अध्यक्ष तथा लोकसभमा कांग्रेसका पूर्व नेता अधीर रंजन चौध्धरीले कांग्रेस त्यागे भाजपमा स्वागत गरिने।

५. आज देखि राष्ट्रपति भवन, नयाँ दिल्लीमा दुई दिने राज्यपाल सम्मेलन शुरू।

६. अंकिता भकत र बोम्मादेवरा पेरिस ओलम्पिकमा तीरअंदाजीमा मिश्रित प्रतिस्पर्धाको क्वाटर फाइनलामा र मनु भाकड़ २५ मिटर पिस्टल प्रतिस्पर्धाको फाइनलमा पुगेकी छनू।

**<u>विजूली आपूर्ति वाधित</u>**

दार्जीलिङ , खरसांग , मिरिक अनिकालेबुङ जिल्लाहरूमा हिज दिउँसो देखि बिजुली आपूत्रि वाधित बनेकोमा सर्वसाधारणले समस्या भोगीरहनु परिरहेको छ। हिजदेखि परिरहेको मुसललधारे पानी अनि हावा हुरीले धेरै ठाउँमा कतिपय बिजुलीका खम्बाहरू ढलेको छ अनि कैंयन सीानहरूमा बिजुलीका तारहरूमाथि रूख ढ़लेकोले गर्दा यो समस्य भईरहेको छ जो आज सम्म पनि यथावत नैछ। प्राप्त श्रोता अनुसार खरसांग को करबीर पावर स्टेशन मा केही तकनीकि खराबीको कारणले गर्दा शहरी इलाका छोड़ेर ग्रामीण इलाकामा प्राय बिजुली आपूर्ति वाधित बनेको छ, साथै दार्जीलिङ ,मिरिक महकुमा तथा कालेबुङ जिल्लामा पनि कतिपय भागमा बिजुली आपूर्ति बहाल गर्न सकिएको छैन। विगत २४ घण्टादेखि बिजुली आपूर्ति बहाल नभएपछि मानिसहरूले बावश्यक काम गत्र नपाएकोले गुनासो गरिरहेका छनू। विध्युत विभागका अधिकारीसंग सर्म्पक गरी कहिले र्दोि विध्यूत आपूर्ति बहाल हुनले बारे जानकारी लिंदा कुनै ठोस उत्तर सकिएको छैन।

****** ० ******

**<u>राष्ट्रिय राजमार्ग १०</u>**

राष्ट्रिय राजमार्ग १० खोलिएको एक दिनपछि फेरी बन्द भएको छ। तीन सप्ताहसम्म बन्द रहेपछि गत बुधार बिहानदेखि राजमार्ग -१० मा यातायात शुरू भएको थियोए तर हिज साझदेखि परेको अविरल वर्षाको कारण राजमार्गको विभिन्न ठाउमा पैरो गएपछि राजमार्ग फेरी बन्द भएको छ। मौसम विभाग अनुसारए हिजो रातीसम्म कालेबुङमा २२ मिमी वर्षा भएको थियो। जसको कारण सिराबाट फेरि पैहो जान शुरू भएको छ। मल्ली क्षेत्र, अन्धेरी झोड़ा, २७ माइलए २६ माइलए रवि झोड़ाए बिरिक डाँड़ा साथै कतिपय क्षेत्रहरूमा पैह्रो गएपछि प्रशासनले फेरि राष्ट्रिय राजमार्ग 10 बन्द गरेको छ। कालेबुङका जिल्लाशासक बालासुब्रमण्यम टीले बताए अनुसार ए वर्षाको कारणले केही स्थानहरूमा पैह्रो गएको छ। लगातार पानी परिरहेकोले सड़कमा

थुप्रिएको ढुङ्गा-माटोलाई हटाउन पनि समस्या भइरहेको छ। उहाले पीडब्लुडीले सड़क सफा गर्न शुरू गरेको बताउनु हुदै त्यसपछि मात्र राष्ट्रिय राजमार्गलाई लिएर फसेला लिइने बताउनु भएको छ ।

****** ० ******

**क्रामाकपा-टिस्टा**

क्रान्तिकारी मार्क्सवाद कम्युनिस्ट पार्टी (क्रामाकपा) का केन्द्रीय महासचिव नर्बु लामाको नेतृत्वमा रहेको एक टोलीले टिस्टा बाढको चपेटमा परेको टिस्टा बजारको सम्पूर्ण क्षेत्रहरुको स्थलगत भ्रमण गरेको जानकारी प्राप्त भएको छ । भ्रमणपछि पार्टी महासचिव नर्बु लामाले टिस्टा बाढ पिडितहरुलाई प्रदान गरिने क्षतिपूर्तिका लागि नया सर्वे गरिनु पर्ने माग गर्नु भएको छ ८ उहाले एन.एच.पी.सीद्वारा प्रदान गरिने भनिएको क्षतिपूर्तिमा जीटिएको सत्तारूढ दलका नेताहरुले भाइ भतिजावाद गरेको, वास्तविक पिडितहरुको नाम छुटेको अनि नेताहरुको आफन्तजनहरुको नाम हालेको पनि आरोप लाउनु भएको छ ८

****** ० ******

**तृणमूल पक्राउ**

तृणमूल कांग्रेसका नेता अनिसुर रहमान र उनका भाइ अलिफ नूर उर्फ मुकुल रहमानलाई पश्चिम बंगाल रासन घोटाला मामिलामा प्रवर्तन निर्देशनालय (ईडी) ले पक्राउ गरेको छ। हिज बिहानए तिनीहरूलाई सीजीओ कम्प्लेक्स स्थित ईडी कार्यालयमा सोधपुछ गरिएको थियो । १४ घण्टासम्मको लामो सोध पुछपछि राति 2 बजे दुईजनालाई पक्राउ गरेको जानकारी प्राप्त भएको छ । उनीहरुलाई आज अदालतमा पेश गरियो ।

****** ० ******

**अधीर रंजन- भाजपा**

कङ्ग्रेससँग असन्तुष्ट रहेका अधीर रञ्जन चौधरीलाई भाजपाका नेताहरूले आफ्नो पार्टीमा सामेल हुन सुझाए दिएका छन्। बङ्गाल भाजपाका मुख्य प्रवक्ता समिक भट्टाचार्यले अधीर रञ्जन चौधरीलाई कंग्रेसले धोका दिएको बताउनु भएको छ । भाजपा नेताहरु अनुसार , अधीर रञ्जन चौधरी राजनीतिका लागि सही व्यक्ति हुन्। तर गलत पार्टीमा छन्। गत लोकसभा चुनाउमा अधीर रञ्जन चौधरीकै कारण कङ्ग्रेस र तृणमूल कङ्ग्रेसबीच सहमति हुनसकेको बताइन्छ। इन्डिया गठबन्धनबाट तृणमूल अलग भएपछि बङ्गालमा कङ्ग्रेस र वाम दल मिलेर लोकसभा चुनाउ लडेको थियो । तर यी दुई दलले सोचे अनुरूप परिणाम प्राप्त गर्न सकेनन्।

****** ० ******

**राष्ट्रपति -राज्यपाल सम्मेलन**

राष्ट्रपति द्रौपती मुर्मुले आज राष्टपति भवनमा राज्यपालहरुको दुई दिवसीय सम्मेलनको उद्घाटन गर्नु भयो I यो सम्मेलनमा केन्द्र अनि राज्यको सम्बन्धलाई बलियो आकार दिने महत्वपूर्ण भूमिका निर्वाह गर्ने मुद्धाहरुमा चर्चा हुनेछ I यस अवसरमा राष्ट्रपति द्रौपती मुर्मुले भन्नु भयो, सम्मेलनको एजेन्डामा सवधानीपूर्वक चुनिएका मुद्धाहरु सामेल गरिएको छ, जुन राष्ट्रिय लक्ष्यहरु प्राप्त गर्न महत्वपूर्ण हुनेछ I उहाले भन्नु भयो, सम्मेलनमा गरिएका विचार विमर्शहरु सम्पूर्ण प्रतिभागीहरुका लागि एक समृद्ध अनुभाव हुनेछ I राष्ट्रपतिले देशमा तीन नयाँ कानुन लागु भएसँगै न्याय प्रणालीको नयाँ युग सुरु भएको बताउनु भयो । उहाले भारतीय न्यायिक संहिता, भारतीय नागरिक रक्षा संहिता र भारतीय प्रमाण कानूनका नामबाटै जनताको सोचमा परिवर्तन आएको बताउनु भयो । राष्ट्रपति मुर्मुले भन्नु भयो, लोकतन्त्रको सहज कार्यका लागि विभिन्न केन्द्रीय एजेन्सीहरूले सबै राज्यहरूमा राम्रो समन्वयका साथ काम गर्नु महत्त्वपूर्ण छ। उहाले राज्यपालहरूलाई सम्बन्धित प्रदेशका संवैधानिक प्रमुखको हैसियतमा यस समन्वयलाई प्रवर्द्धन गर्न सुझाव दिनु भयो । उहाले देशमा गुणस्तरीय उच्च शिक्षा अमूर्त सम्पत्ति भएको बताउनु हुदै यसले व्यक्तिगत विकास र सामाजिक परिवर्तनका साथै नवप्रवर्तन र आर्थिक उन्नतिमा टेवा पुर्याउने बताउनु भयो । उहाले राष्ट्रिय शिक्षा नीतिमा शैक्षिक संस्थाको मान्यता र मूल्याङ्कन प्रणालीमा सुधार गर्न जोड दिइएको बताउनु भयो । उहाले विश्वविद्यालयका कुलपतिको हैसियतमा यस सुधार प्रक्रियामा योगदान दिन गभर्नरहरूलाई आह्वान गर्नु भयो ।

****** ० ******

**कालेबुंग- स्वतन्त्रता दिवस सभा**

७८औं स्वतन्त्रता दिवस आयोजक समितिको पहलमा कालेबुङका बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुकोलाई लिएर सभा सम्पन्न गरिएको छ। सभामा स्वतन्त्रता दिवसलाई पर्वको रूपमा पालन गरिने विषयमा बिभिन्न संघ संस्थाले सुझावहरु राखेको थियो । स्वतन्त्रता दिवसको दिन कालेबुङलाई प्लास्टिक अनि नशामुक्त बनाउने पनि सभामा उपस्थित विभिन्न संघ संस्थाका प्रतिनिधिहरुले सुझाव राखे ८ यसरी नै सम्पूर्ण संघ संस्थाको सुझावलाई सकारात्मक रूपमा लिएर कार्यक्रमलाई सफल पार्ने दिशामा काम भइरहेको आयोजक समितिका सचिव भूवन पि खनालले जानकारी दिनु भएको छ ८

****** ० ******

**अम्बोटिया- घर क्षतिग्रस्त**

खरसाङ महकुमाको अम्बोटिया चियाबारीको बसेरीस्थित बर भन्ज्याङमा हिज राति चलेको हावा हुण्डरीले एउटा बरको रुख भच्चिएर एउटा घर अनि दुई वटा दोकान क्षतिग्रस्त भएको छ। बरको रुख भाच्चिदा भीम राईको घर क्षतिग्रस्त भएको छ भने चन्द्रमाया प्रसाद अनि प्रताप राईको दोकानलाई पनि क्षति पुर्याएको छ ८

****** ० ******

**मिरिक कृषक- शिविर**

राष्ट्रिय कृषि विकास केन्द्र बागवानी विभाग अन्तर्गत सिन्कोना विभागको आयोजना अनि कृषक दिनेस तामाङको अध्यक्षतामा मिरिक महकुमाका कृषकहरूलाई सहभागी गराई सुन्तला खेतीबारे प्रशिक्षण शिविरको आयोजना गर्यो । प्रशिक्षण शिविरमा निम्बूको बोटमा ग्राफ्टिङ गरेर सुन्तला फलाँउने तरिका अनि सुन्तलाको बोटबाट वरिपरि तीनवटा निम्बूको बोट रोपेर सुन्तला उत्पादन गर्ने तरिकाबारे कृषकहरूलाई प्रशिक्षण प्रदान गरियो । कार्यक्रममा सुन्तला खेतीको उत्पादनलाई विकसित गर्न विभागले गरिरहेको कार्य अनि कृषकहरूको दायित्वबारे फूड प्रोसेसिङ हटीकल्चर विभागका एडीसनल चीफ सेक्ट्री डाक्टर सुभद्र गुप्त अनि सिन्कोना बगानका निर्देशक डाक्टर स्यामुयल राईले विस्तृत जानकारी गराए ।

****** ० ******

**सिलगढी आदर्श गाउँ**

सिलगढी महाकुमाको ६५ गाउँले आदर्श गाउँको उपाधि पाएको छ । स्वच्छ भारत मिशन परियोजनाको कामको निरीक्षण गर्न तीन सदस्यीय केन्द्रीय केंद्रीय ऑडिट टोली गत हफ्ताको विहीबार नक्सलबारी पुगेको थियो। सोमबारदेखि टोलीले विभिन्न ग्राम पञ्चायत क्षेत्रको भ्रमण गरी जानकारी संकलन गरिरहेको छ । तथ्याङ्क सङ्कलन शनिबारसम्म जारी रहनेछ । हालसम्म महाकुमाको ३ सय ३२ गाउँमध्ये ६५ गाउँलाई आदर्श गाउँ घोषणा गरिसकेको छ । तर शनिबारसम्म यो संख्या अझ बढ्ने महकुमा परिषदका अधिकारीले विश्वास व्यक्त गर्नु भएको छ ।

****** ० ******

**पुटुङ- पत्रिका**

मिरिक महकुमाको पुटुङ उच्च माध्यमिक विद्यालयका संस्थापक प्रधान अध्यापक स्वर्गीय मणि खवासको योगदानको मूल्याङ्कन एवं उनको नाम चिरकालसम्म स्मरणीय बनाउँनको निम्ति पुटुङ बिद्यालयले उनको नाममा प्रकाशन गर्दै आएको बिद्यालयको 'मणि पटल' भित्ते पत्रिकाको दोस्रो अंकको विधिवत रूपमा लोकार्पण गरियो। बिद्यालयमा आयोजित भानुभक्त-घाँसी स्मरण दिवसको उपलक्ष्यमा बिद्यालयका शिक्षक प्रभारी महेन्द्र मोक्तान र सह शिक्षिका माला थापाको संयुक्त बहुलीबाट 'मणि पटल' पत्रिकाको लोकार्पण गरिएको जानकारी शह शिक्षक एव पत्रिकाका प्रधान सम्पादक मनोहर शर्मा' अविनाश' ले जानकारी गराउनु भएको छ ।

****** ० ******

**लोअर चुङथुङ उमावी**

लोअर चुङथुङ उच्च माध्यमिक विद्यालयको आयोजनामा आज म्याराथन दौड सम्पन्न गरियो ८ दौडमा 31 वटा विद्यालयका 2 सय 17 जना विद्यार्थीहरुले भाग लिएका थिए ८ दौडमा दार्जिलिङ पहाडका प्रसिद्ध धावक प्रेमुस भुटिया प्रमुख रूपमा उपस्थित हुनुहुन्थ्यो ८ कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा धावक प्रिमुस भुटियाले विद्यार्थीहरू आफ्नो पढाइसँगै खेलकुदसँग

जोडिन  नितान्त आवश्यक रहेको बताउनु भयो  । उहाले  विद्यालयले यसप्रकारका  कार्यक्रमहरू निरन्तर गरीरहनु पर्ने कुरोमा पनि जोड दिनु भयो ।

****** ० ******